# नेपालगञ्ज नगरपालिका

**नगरपालिकाको आ.व. २०७०।७१ को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका**

| समूह : | ३६ | नगरपालिका कोड : | |
|---|---|---|---|

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| **वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति** | १ | चालु आ.व.को बजेट तथा कार्यक्रम गत आ व को पौष मसान्तभित्रै नगर परिषद्ले स्वीकृत गरेको | ✔ | | **भएको** | चालु आ.व. २०७१/०७२ को बार्षिक कार्यक्रम तथा बजेट मिति २०७०/०९/०४ मा २२ औं नगरपरिषदको उपथिति संस्था ११२ कार्यक्रम। आयोजनामा संख्या ३४१ राखी चालु खर्च रु. ३,५१,००,०००/- र पूँजिगत खर्च रु. १६,२९,७०,०००/- गरी जम्मा रु. १९,८०,७०,०००/- अबन्डामा रकम नराखी कार्यक्रम र बजेट पारित भएको सबै बजेट कार्यक्रमगत रुपमा बाँडफाँड गरि स्वीकृत भएको । नगरपरिषदले आन्तरिक स्रोतबाट रु. ४,४७,६०,०००/- अनुदानबाट ५,५०,९१,०००/- राजस्वबाट ६२,००,०००/- बाह्य र अन्य स्रोतबाट रु. ९,२०,१९,०००/- आय हुने अनुमान गरिएको छ। बजेट तथा कार्यक्रम स्वीकृत भएको एक महिना भित्र च. २४४१, २४४२ मिति २०७०।०९/२५ बाट मंत्रालय र जि.वि. स. मा पठाइएको छ। | नेपालगञ्ज नगरपालिकाको २२ औं नगर परिषद वार्षिक नगर विकास योजना पुस्तिका र मंत्रालय र जि.वि.स. मा पठाएको पत्र। |
| | | सबै बजेट कार्यक्रमगत वा आयोजनागत रुपमा बाँडफाँड गरी स्वीकृत भएको | ✔ | | | | |
| | | स्वीकृत कार्यक्रम र बजेट विवरण पारित भएको मितिले एक महिना भित्र मन्त्रालय र जिविसमा पठाएको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको “छ”मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने। | | | | | | | |
| **वार्षिक प्रगति समीक्षा** | २ | वार्षिक प्रगति समीक्षाका लागि सबै सरोकारवालाहरु (राजनीतिक दल सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरु लगायत ) लाई आमन्त्रण गरेको | ✔ | | **भएको** | - च नं. ३०४७ मिति ०७०/६/६ को पत्रद्वारा समीक्षा हुने स्थान मिति र समय तोकी सरोकारवालालाई आमन्त्रण गरेको<br>- ०७०/६/७ गते नगर पालिका वैठक कक्षमा वार्षिक प्रगति समीक्षा गरेको, उपस्थित संख्या २४, दलका प्रतिनिधि समेतको उपस्थिति) सरसफाइ ट्राफिक व्यवस्था, राजश्व आदि विषयमा सुझाव प्राप्त ती सुझाव समेटी नगर परिषदमा पेश गर्ने निर्णय<br>- च नं. १३८२ मिति ०७०/०६/२४ गते समीक्षा प्रतिवेदन मन्त्रालयमा पठाएको<br>- सूचना पाटीमा मिति २०७०/६/१३ गते टाँस गरी सार्वजनिक गरेको<br>लोकप्रिय सन्देश राष्ट्रिय दैनिकको २०७०/६/१६ को अंकमा प्रकाशित गरी सार्वजनिक गरेको | पत्रको प्रति उपस्थितीको प्रति निर्णय प्रति<br>पत्रको प्रति<br>मुचुल्काको प्रति<br>पत्रिकाको प्रति |
| | | गत आ.व. भन्दा अघिल्लो आ.व.मा सम्पन्न कार्यक्रमको वार्षिक प्रगति समीक्षा गत आ. व. को प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरेको | ✔ | | | | |
| | | प्रगति समीक्षाको प्रतिवेदन समीक्षा भएको मितिले एक महिना भित्र मन्त्रालयमा पठाएको | ✔ | | | | |
| | | समीक्षाको निष्कर्ष समीक्षा सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र सूचना पाटी र वेभ साइट वा स्थानीय रेडियो वा पत्रिका मार्फत सार्वजनिक गरेको | ✔ | | | | |
| मापन तालिका को सबै कोठाको “छ”मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने। | | | | | | | |
| **चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन** | ३ | प्रथम चौमासिक प्रगति प्रतिवेदन गत आ.व.को मार्ग सात गते भित्र पठाएको | ✔ | | | - च नं. १७१६ मिति ०७०/८/६ गतेको पत्रबाट प्रथम चौमासिक प्रतिवेदन पठाएको<br>- च नं. ६६११ मिति ०७०/१०/७ गतेको पत्रबाट दोश्रो चौमासिक प्रतिवेदन पठाएको<br>- च नं. १४९ मिति ०७१/४/७ गतेको पत्रबाट तेस्रो तथा वार्षिक प्रतिवेदन पठाएको | पत्रको प्रति<br>पत्रको प्रति<br>पत्रको प्रति |
| | | दोस्रो चौमासिक प्रगति प्रतिवेदन गत आ.व. को चैत्र सात गतेभित्र पठाएको | ✔ | | | | |

# नेपालगञ्ज नगरपालिका

**नगरपालिकाको आ.व. २०७०।७१ को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका**

| | | | |
|---|---|---|---|
| **समूह :** | **३६** | **नगरपालिका कोड :** | |

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| | | तेश्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन चालु आ.व. को श्रावण पन्ध्र गते भित्र पठाएको | ✔ | | भएको | उपरोक्त प्रतिवेदनहरु सुपर काइनेटिक एक्सप्रेस डेलिभरि मार्फत पठाइएको । | |
| मापन तालिकाको सवै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| **नगरपालिका कोषको खाता सञ्चालन** | ४ | नगरपालिका कोष खाता सञ्चालन भएको । | ✔ | | भएको | नेपालगंज न.पा. का खाताहरु ने रा बैंक मा रहेका छन् । न पा कोष मुल आम्दानी खाता, कार्यसंचालन, चालुखर्च, पुजिगत खर्च र धरौटी खाताहरु संचालनमा रहेका छन् । मूल कोष खाता नं ग ४ २१०४७७०२००१०४३५२४ संचालन गरि न पा लाई प्राप्त सवै रकम सो खातामा जम्मा भएको । सोखाताबाट सिधै खर्च हुने नगरेको , वार्षिक बजेट तथा स्वीकृत कार्यक्म अनुसार चालु खाता नं ग २१०४७०२००१०२१५२४ र पुजिगत खर्च खाता नं. ग २१०४७०२००१२२५२४ गरि दुइबटा खाताबाट कामको प्रकृति र आवश्यकतानुसार खर्च गर्ने गरिएको । आ.व. को अन्तमा खर्च भई बांकी भएको रकम पुजिगत खाताको रु.२९,३५,२४७।२६ र चालु खर्च खाताको रु.१५,५४३।४० लाई न पाले न पा कोष मूल आम्दानी खातामा रकम ट्रान्सफर र समायोजन गर्ने क्रममा पत्राचार र विवरण पठाउदा ने.रा.बैंकबाट चालु र पूँजी खाताहरुको मूल खातामा स्थानान्तरण हुन नसकी चालु खर्च खाता र पूजीगत खर्च अन्य शुन्य हुन सकेको छैन । सो रकम सम्वन्धित खातामा रहेको छ र फ्रिज गर्नुपर्ने रकम नभएको । न.पा. कोष मूल आम्दानी खाता न.ग. २१०४७०२-००१-०४३-५२४ को खातामा आ.व. को अन्तमा रु. १,१३,१९८४६/५४ मौज्दत भएको । ने.रा. बैंकको प.स., के.ले. विविध/९६/०७०।७१ मिति ०७१।२।२७ को पत्रबाट सरकारी कारोबार (खाता संचालन) केन्द्रीय बैंकको परिपत्र बमोजिम ने.रा.बैंक नेपालगञ्जले केन्द्रीय बैंकको परिपत्र बमोजिम चालु र पुंजी खाता शुन्य गर्नुनपर्ने नयाँ व्यवस्था भएकोले खाताहरु शुन्य नभएको । | बैक खाताहरुको स्टेटमेन्ट ने रा बैंकलाई रकम ट्रान्सफरको लागि पत्राचार गरेको विवरण, समायोजन विवरण<br>स्रोतः ने.रा. बैंकको परिपत्र । |
| | | नगरपालिकाको नाममा प्राप्त सवै प्रकारका आम्दानी रकम न.पा. कोष ( ग ४ ) मा आम्दानी बाधेको | ✔ | | | | |
| | | स्वीकृत बजेट र कार्यक्रमका आधारमा कार्यसञ्चालन खातामा स्थानान्तरण गरेको | ✔ | | | | |
| | | कार्यसञ्चालन खातामा रहेको रकममध्ये आ.व. को अन्त्यमा बाँकी हुन आएको रकम न. पा. कोषमा जम्मा गरेको | ✔ | | | | |
| | | आ.व. को अन्त्यमा फ्रिज गर्नुपर्ने सबै रकम फ्रिज गरेको | ✔ | | | | |
| नोट : फ्रिज हुने रकम भन्नाले नेपाल सरकारबाट निकासा भएको सबै निःशर्त, सशर्त, पूँजिगत तथा चालू अनुदान रकमलाइ जनाउछ ।<br>मापन तालिकाको सवै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| **कर तथा आयस्रोतको अभिलेख** | ५ | मालपोतको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | ✔ | | भएको | आ.व. ०६२/०६३ देखि नगरपालिकाले एकिकृत संपति कर लागू गरेको छ । एकिकृत संपति कर र व्यवस्थापकरको अद्यावधिक अभिलेख राखेको छ । एकिकृत सम्पतिकरको करदाता संस्था २१०२६ बाट रु. १,३३,२५,५७१/१५ संकलन भएको । व्यावसाय करको करदाता संख्या २८०६ बाट संकलित रु. १६,९५,२३२। र उठन बाँकी रु. ३,०४,७६८। रहेको । | बार्षिक आ.वि.र आय संकलनको अभिलेख विवरण । |
| | | घर जग्गा कर<br>वा एकीकृत सम्पत्ति करको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | ✔ | | | | |
| | | व्यवसाय करको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । तर एकिकृत सम्पत्ति कर लागू भएका नगरपालिकाको हकमा दोस्रो र तेस्रो कोठाको "छ" मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| **लेखापरीक्षण** | | गत आ.व. भन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षण गत आ व भित्र सम्पन्न गरेको | ✔ | | | आ.व. ०६९/०७० को लेखापरिक्षण गर्न एस आर न्यौपाने एण्ड कम्पनी र अ.प्र.प नं १३३१ 'ख' वर्गका श्री शेषरमण न्यौपानेलाई न.प. को मिति २०६९/०९/२५ मा सम्पन्न न.प. को निर्णयले मिति २०७०/५/३० को पत्रबाट ले. प. लाई नियुक्ती गरेको । निजले सो आ व को ले प प्रतिवेदन मिति २०७०।६।८ मा पेश गरेको । बेरुजु प्रतिवेदन न प को मिति ०७०।९।४ मा पेश भै छलफल भएको । २२ औं परिषद मिति ०७०।९।४ बाट बेरुजु र पेश्की उपर शिघ्र कारवाही गरि फछ्र्यौट गर्ने । ले.प. को सुझावहरुलाई कार्यान्वयन गर्ने निर्देशन भएको । बेरुजु | नेपालगन्ज न.पा. को २१ र २२ औं न.प. को निर्णय तथा ले.प. को प्रतिवेदन र नगरपालिकाको अभिलेख विवरण |
| | | लेखापरीक्षण प्रतिवेदन उपर नगर परिषद्मा छलफल भइ निर्णय भएको | ✔ | | | | |

# नेपालगञ्ज नगरपालिका

**नगरपालिकाको आ.व. २०७०।७१ को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका**

| समूह : | ३६ | नगरपालिका कोड : | |
|---|---|---|---|

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| **तथा बेरुजु फछ्र्यौट** | ६ | गत आ.व. भन्दा अघिल्लो आ. व. सम्मको वेरुजुको अद्यावधिक अभिलेख आर्थिक पशासन नियमावली को अनुसूची ७५ को ढाँचामा राखेको | ✔ | | **भएको** | र पेश्की सम्बन्धी कारवाहीबाट पेश्की रु. ८८,७४,८२०/४४ र बेरुजु रु. ८६,८१५/- फछ्र्यौट भएको छ । पेश्की बांकी रु २,८८,४०,७२८। र बेरुजु १,५६,१३९।९० भएको देखिन्छ । बेरुजु फछ्र्यौट सम्बन्धी कारवाही भईरहेको । बेरुजु सम्वन्धि अभिलेख अनुसूची ७५ को ढाँचामा राखीएको छ । | |
| | | पेश्की तथा बेरुजु फछ्र्यौट सम्बन्धी कारवाही गरेको | ✔ | | | | |
| नोट : नगरपरिषद् सम्पन्न हुँदाको अवस्थामा गत आ.व.भन्दा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन प्राप्त भइ नसकेको भए सोभन्दा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन र सो प्रतिवेदन प्रस्तुत भइसकेको भए सो प्रतिवेदनले उल्लेख गरेका बेरुजु तथा बेरुजु फछ्र्यौट सम्वन्धमा भएका प्रगति उपर छलफल गरी निर्णय भएको हुनुपर्नेछ ।<br>मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| **सम्पत्ति व्यवस्थापन** | ७ | गत आ.व. सम्म आफ्नो हक भोगमा रहेको खर्च भएर जाने र खप्ने सामानको छुट्टाछुट्टै जिन्सी किताबमा आम्दानी बाँधी राखेको | ✔ | | **भएको** | खर्च भएर जाने र खर्च भएर नजाने सामानको जिन्सी सामानको विवरण म.ले.प फा नं. ५० र ५१ को विवरणमा छुट्टै राखिएको छ । प्र.अ. श्री मोहन हमाललाई मिति २०७१/३/०१ को पत्र बाट आ.व. २०७०/०७१ को जिन्सी निरीक्षण प्रतिवेदन पेश गर्न खटाइएकोमा निजले मिति ०७१/०३/१५ मा प्रतिवेदन पेश गरेको । प्रतिवेदनमा मिनाह लिलाम र आम्दानी बाध्नुपर्ने सामानको विवरण र अन्य व्यहोरा उल्लेख गरेको आ.व. ०७०/०७१ मा जिन्सी माले सामानको लागि फर्निचर, सवारी साधन, कम्प्युटर र अन्य कार्यालय सामानहरुको मर्मतको लागि रु. ६,५५,९२० । खर्च गरेको छ । सरकारी र सार्वजनिक जग्गाहरुको अघावधिक अभिलेख विवरणहरु राख्ने गरिएको छ । मिन्हा र लिलामको कार्य भएको छैन । | जिन्सी निरिक्षण प्रतिवेदन, मर्मतको खर्च विवरण, जग्गाहरुको अभिलेख विवरण |
| | | गत आ.व.मा जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको | ✔ | | | | |
| | | सम्पन्न जिन्सी निरीक्षण प्रतिवेदनमा निम्न कुराहरु उल्लेख भएको : | ✔ | | | | |
| | | क) जिन्सी किताबमा आम्दानी नबाँधिएका सामानहरु भए सोको विवरण | | | | | |
| | | ख) मालसामान संरक्षण र सम्भार व्यवस्थाको अवस्था उल्लेख | | | | | |
| | | ग) मर्मत गर्नुपर्ने र लिलाम गर्नुपर्ने भए सो सामानको विवरण | | | | | |
| | | प्रतिवेदनमा उल्लेख भएबमोजिम मर्मत सम्भार वा लिलाम बिक्री गर्नुपर्नेमा गरेको र आम्दानी बाँध्न छुट भएको सामान भए आम्दानी बाँधेको | ✔ | | | | |
| | | सरकारी /सार्वजनिक जग्गाको अद्यावधिक अभिलेख व्यवस्थित गरी राखेको | ✔ | | | | |

# नेपालगञ्ज नगरपालिका

## नगरपालिकाको आ.व. २०७०।७१ को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका

| समूह : | ३६ | नगरपालिका कोड : | |
|---|---|---|---|

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| मापन तालिकाको सबै कोठाको "छ" मा ( ✔ ) मा चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| भवन निर्माण तथा नक्सा पास | ८ | भवन निर्माण सम्बन्धी मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | ✔ | | भएको | - भवन तथा योजना मापदण्ड २०५६ (दोस्रो संशोधन २०७०) लाई नगरपरिषदको ०७०/९/४ को (नि.नं २७) निर्णयानुसार पारित गरी लागु गर्ने निर्णय ( पेज ७०)<br>- भवन निर्माण तथा नक्सा पास सम्बन्धि कार्यविधी २०६८ लाई नगरपरिषद्को मिति २०६८/९/२८ को वैठक द्वारा स्वीकृत (नि.नं. १२) | निर्णय पुस्तिका<br>निर्णय प्रति |
| | | भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| आय-व्यय विवरण र राजस्वका दरहरु सार्वजनिकीकरण ा | ९ | गत आ. व. को आय व्यय विवरण चालु आ.व. को श्रावण मसान्तभित्र सूचना पाटी र वेभ साइट वा पत्रपत्रिका मार्फत सार्वजनिक गरेको | ✔ | | भएको | गत आ.व. को आ-व्याय विवरण चालु आ.व. को मिति २०७१/०४/१२ मा लोकप्रिय सन्देश पत्रिका न.पा. को मिति ०७१।४।७ मा सूचना पाटीमा मुचुल्का उठाई टांसी सार्वजनिक भएको । चालु आ.व. को राजस्वका दरहरुको विवरण न.प. ले पारित गरेको एक महिना भित्र मिति २०७०/०९/२३ मा लोकप्रिय सन्देश राष्ट्रिय दैनिक र न.पा. ०७०।९।२५ मा वेवसाइटमा अपलोड गरी सार्वजनिक भएको । | सूचना टांस विवरण, पत्रिकामा प्रकाशित विवरण<br>वेवसाइट |
| | | चालु आ.व.को राजस्वका दरहरुको विवरण नगरपरिषद्ले पारित गरेको एक महिनाभित्र वेभ साइट र पत्रपत्रिका मार्फत सार्वजनिक गरेको | ✔ | | | | |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने । | | | | | | | |
| कर्मचारी व्यवस्थापन | १० | ऐनको दफा २४९ बमोजिमको प्रक्रिया पूरा गरी परिषदबाट दरबन्दी स्वीकृत भएको | ✔ | | भएको | - दरबन्दी स्वीकृत नगरेको (स्वीकृत दरबन्दि चार्ट (वजेट पुस्तिकाको पेज नं. ३८ मा) सामाजिक विकास अधिकृत पद १ थप गरेको देखिएकोले यसको औचित्य बारे बुझ्दा नेपाल सरकार र ए.डि.वि बीचको संझौता अनुसार एकीकृत शहरी विकास आयोजनाको प्रोजेक्ट एड्मिनिष्ट्रेटिभ म्यानुअलमा व्यवस्था भए अनुसार सो परियोजनाका लागि परियोजना बाटै आर्थिक भार व्यहोर्ने गरी नियुक्ति गर्ने टिप्पणी निर्णय र लिखित पुष्ट्याई तथा परियोजनाको तलबी भरपाईमा समेत सो पदका कर्मचारीको तलब वितरण गरेको अभिलेख पेश भएको) यस कुरालाई २०६९/९/२५ मा वसेको नगर परिषद वैठकले नि.नं. १५ बाट अनुमोदन गरेकोले ऐनको दफा २४९ आकर्षित नभएको ।<br>- पदपूर्ति समितिको निर्णय पुस्तिका अवलोकन गर्दा अमीन र मुखियामा नियुक्ति गरेको देखिएकोले सो सम्बन्धी कागजात हेर्दा २०६४/९/४ गते बसेको पदपूर्ति समितिले स्थानीय स्वायत्त शासन (तेस्रो संशोधन २०६३) नियमावली २०५६ को नियम २१३ (क) को १ र २ बमोजिम विशेष व्यवस्था अन्तर्गत पद पूर्ति गर्ने कारबाही अगाडि बढाएको, सो प्रक्रियामा सामेल हुन गाउँ नगर साझेदारी विकास कार्यक्रम तर्फका कर्मचारीहरुले सम्मानित सर्वोच्च अदालतमा उत्प्रेषण आदेश गरी पाउन मुद्दा दिएकोमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०५९/३/४ गते निवेदकका विपक्षका अर्थात नगरपालिकाका पक्षका फैसला गरेकोले उक्त फैसला कार्यान्वयन गर्न एवं उपरोक्त नियम २१३ (क) बमोजिमको विशेष व्यवस्था अन्तरगत पदपूर्ति गर्ने सन्दर्भमा मात्र अमीन र मुखियाको पदपूर्ति | कार्यालयको पुष्ट्याईं सम्बन्धि कागजात<br>नियुक्ति सम्बन्धि टिप्पणीप्रति<br>तलबी भरपाइको प्रति<br>एडिविको म्यानुअलको प्रति<br>पदपूर्ति समितिका निर्णयमा प्रतिहरु<br>सम्मानित सर्वोच्च अदालतको फैसलाको प्रति<br>पत्रकोप्रति |
| | | स्वीकृत दरबन्दीमा प्रशासनिक खर्चको सिमा ननाघ्ने गरी पदपूर्ति समितिको सिफारिशमा नियुक्ति गरेको | ✔ | | | | |
| | | लोक सेवा आयोगको प्रतिनिधि सहितको उपस्थितिमा पदपूर्ति समितिले पदपूर्ति सम्बन्धी निर्णय गरेको | ✔ | | | | |
| | | स्वीकृत स्थायी दरबन्दी भन्दा बढि कर्मचारी नियुक्ति नगरेको | ✔ | | | | |

# नेपालगञ्ज नगरपालिका

**नगरपालिकाको आ.व. २०७०।७१ को न्यूनतम् शर्त मापनको मूल्यांकन नतिजा तालिका**

| | | | |
|---|---|---|---|
| **समूह :** | **३६** | **नगरपालिका कोड :** | |

| सूचक | नं | विश्लेषण तालिका | छ | छैन | न्यूनतम् शर्त पुरा | व्याख्या र पुष्ट्याई | श्रोतहरु |
|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत स्थायी दरबन्दीमा अस्थायी नियुक्ति नगरेको | ✔ | | | भएका अभिलेखबाट दाखिएकाल एनको दफा २४९ आकर्षित नभएको।<br>- लोकसेवा आयोगका प्रतिनिधि सहितको उपस्थितिमा निर्णय भएको लोकसेवा आयोग म.प.क्षे.नि बाट नि.क्षेत्रीय निर्देशक पूर्णमान श्रेष्ठ लाई २०७०/२/२६ को पत्रबाट खटाएको।<br>- स्वीकृत दरबन्दि भन्दा बढी कर्मचारी भर्ना नगरेको।<br>( स्वीकृत दरबन्दी २०४ मा २३ कटौतीगरी १८१ कायम गरेको जसमा १२२ जना स्थायी १ करार ४७ कार्यरत<br>- पदपूर्ति समितिको अध्यक्षले पेश गरेको प्रतिवेदन ०७०/९/४ को नगर परिषद्बाट अनुमोदन (नि.नं. १२ पेज ६९) | बजेट पुस्तिका<br>कर्मचारी विवरण संलग्न<br>बजेट पुस्तिका |
| मापन तालिकाको सबै कोठाको "छ"मा ( ✔ ) चिन्ह लागेमा यो शर्त पूरा हुने। | | | | | | | |

**<u>निष्कर्ष र सुझाव :</u>**

नेपालगन्ज नगरपालिका न्यूनतम शर्त मध्ये सूचक न. ४ को शर्त पूरा गर्न नसकेकोले नेपाल सरकारबाट अनुदान पाउने हकबाट बञ्चित रहने भएको छ। नगरपालिकाले चालू र पूँजी खातामा शून्य मौज्दात रहने गरी न.पा. कोषमा आम्दानी बाँध्न सजग रहनु पर्ने अवस्था देखिन्छ। तोकिएको प्रशासनिक खर्चको सिमा नाघिरहेको सन्दर्भमा स्थायी दरबन्दी सिर्जना गर्नुपर्ने अवस्था आएमा सो सीमाले रोक्ने हुँदा त्यसतर्फ विशेष पहल गर्नु उपयुक्त देखिन्छ।

| | | | |
|---|---|---|---|
| वित्तीय व्यवस्थापन विज्ञ<br>नाम :<br>सम्पर्क नं.<br>मिति : | | स्थानीय शासन विज्ञ<br>नाम :<br>सम्पर्क नं.<br>मिति : | |